**मधुवन नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ५** **संख्या : ५** **प्रमाणिकरण मिति :**२०७८/३/१९

**प्रकाशन मिति :** २०७८/५/०१

## भाग - २

मधुवन नगरपालिका

मधुवन नगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७८

१.पृष्ठभुमि

मधुवन नगरपालिकाले लैङ्गिकमैत्री समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यत्तिफ्, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भुमिका सहित लैङ्गिक समानता र सामाजीक

समावेशीकरण मार्फत सवैले आत्म सम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुल प्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखीएकोले "मधुवन नगरपालिका को लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७" तर्जुमा गरिएको छ ।

२. लैंङ्गिक समानतातथा सामाजिक समावेशीकरणकोः

२.१ वर्तमान अवस्था

मधुवन नगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास, नगरपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धी संवेदनशिल भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीतालाई जोड दिदै योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दै आएको भएता पनि कूल जनसंख्याको ४९.४१ प्रतिशत महिला १५.५५ प्रतिशत दलित र ५३.३३ प्रतिशत आदीबासी तथा जनजातीको संख्या रहेको र यी सबै बर्गको सम्मुनत विकासका लागी लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण आवश्यक रहेको छ ।

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र नगरपालिका अर्न्तगतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण आवश्यक छ । यद्यपी यस नगरपालीकाको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समस्या, चुनौति र अवसरहरु मुलतः देहाय अनुसार रहेका छन ।

२.२ समस्याहरु

क) पछि परेका समुयमा आर्थिक विपन्नता र  न्युन साक्षर

ख) पछि परेका सम्प्रदायमा अधिक बाल विवाह हुनु

ग) लक्षितवर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुँच सुनिश्चत हुन नसक्नु,
घ) बंचितिकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक रुपमा शसक्तिफ्करण गर्न नसक्नु,
ङ ) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मूलप्रवाहीकरण नहुनु,
च) विभिन्न लक्षितवर्ग, क्षेत्र, र समुदाय वीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,
छ) समाजमा पछाडि परेका बर्गका मानिसहरु अबैधानिक रुपमा सामान ओसार पसारमा निर्भर रहनु ।

## २.३. चुनौतीहरु

क)वास्तविक लक्षित वर्गलाई विकासको मूलधारमा समाहित गर्न कठिन,
ख) समाजमा विद्यमान रहेका कुरिति तथा कु प्रथा कायम रहनु,
ग)लक्षितवर्गको आयस्तरमा ज्यादै न्युन,
घ)लाभ वाडपफँडमा वास्तविक लक्षित बर्ग सम्मको पहुचमा सुनिश्चिता नहुनु,
ङ)लक्षित वर्गको प्राथमिकता योजना तर्जुमा भन्दा दैनिक जीवनयापनका लागी आय आर्जन हुनु ।

## २.४ अवसरहरु

स्थानीयतहमा नै निर्वाचित जनप्रतिनिधि रहेको परीथतिमा, समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका ब्यबस्थाहरु, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले अन्तराष्ट्रियरुपमा जनाएका प्रतिवद्धता, स्थानीय सरकारले नै नीति तथा कानुन निर्माण तथा निति निर्माण गर्ने अधिकारले नगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री नगर बनाउने अवसर प्रदान गरेको छ । संघीय तथा प्रदेश सरकारको लैससास मैत्रीवजेट तथा कार्यक्रम अनुरुप नगरपालीकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको आवश्यकता तथा महत्व नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दपफ २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यबस्था गरेको र सोही दपफको उपदपफ (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ ।

नगरपालिकामा लैससास सम्बन्धमा देखीएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले लैससास नीति आवश्यक रहेको छ ।

क)लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय प्रणलीमा दीगो रुपमा संस्थागत गर्न ।

ख) योजना, नीति तथा कार्यक्रमलाई लैंङ्गिक उत्तरदायी बनाउन ।

ग)वजेटलाई लैङ्गिक उत्तरदायी बनाउन ।

घ) सरोकारवालाहरु वीच बुझाईमा एकरुपता कायम गरी सामाजिक न्यायमा सहयोग पुरयाउन ।

ङ)श्रोत साधनमा पहुँच पुर्‍याई न्यायोचित वितरणको व्यवस्था गर्न ।
च)लक्षित वर्गमा व्यत्तिफ्को आर्थिक, सामाजिक सशत्तफ्कीरण गरि तत् तत् संरचनामा पहुँच बढाउने ।
छ) हिंसाका विभिन्न स्वरुपलाई निरुत्साहित गर्ने ।
ज)लैंङ्गिक समानतातथा सामाजिक समावेशीकरण बाट सम्बृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्त गर्न ।
४. दीर्घकालीन सोंच

सुशिक्षित, स्वरोजगार र आर्थिक बृद्धि गरी समृद्ध समाजको निर्माण ।

५. लक्ष्यः

लैङ्गिकतथा सामाजिक उत्तरदायी सस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक समाजको निर्माण गर्ने

६. उद्देश्यहरुः
क)लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय प्रणलीमा दीगो रुपमा संस्थागत गर्ने ।
ख) योजना, नीति तथा कार्यक्रमलाई लैंङ्गिक उत्तरदायी बनाउने ।
ग)वजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।
घ) सरोकारवालाहरु वीच बुझाईमा एकरुपता कायम गरी सामाजिक न्ययमा सहयोग पुऱ्याउने ।
ङ)श्रोत साधनमा पहुँच पुर्‍याई न्यायोचित वितरणको व्यवस्था गर्ने ।
च) लक्षित वर्गमा व्यत्तिफ्को आर्थिक, सामाजिक सशत्तफ्कीरण गरि तत् तत् संरचनामा पहुँच बढाउने ।
छ) हिंसाका विभिन्न स्वरुपलाई निरुत्साहित गर्ने ।
ज) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण बाट सम्बृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने ।

७. नीति, रणनीति तथा कार्यनीतिहरु

मुख्य नीतिहरुः

७.१. योजना तर्जुमा प्रक्रियामा लक्षितवर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने,

७.२. कार्यक्रम तथा वजेट लाइ लैङ्गिक उत्तरदायी बनाउदै सामाजका पछि परेका बर्गको शिक्षा तथा रोजगारी लाई प्रबर्द्धन गर्ने,

७.३ लक्षित वर्ग लाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

७.४. लैससासको अवधारणा हासिल गर्न नगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,

८. नीति अनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु

नीती–उपदफा ७.१ नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,

रणनीती

क) योजना तर्जुमाको लागी सहभागितात्मक नीती र कार्यविधि तर्जुमा गर्ने

ख) योजना तर्जुमाको परिपेक्ष्यमा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने,

कार्यनीति

अ) स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरवाट नै लक्षित समुदाय भित्रका पनि विपन्न वर्गको अर्थपूर्ण सहभागीतामा जोड दिने ।

आ) वजेट सिलिङमा नै लक्षित समुदायका लागी वजेट विनियोजनको ब्यबस्था गरिने छ ,

इ) योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषय वस्तुहरुको जानकारी लक्षित समुदाय सम्म पुरयाउन सन्चारका माध्यम र टोल विकास संस्था मार्फत सूचना सम्प्रेषण गरिने छ,

ई) पालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसँख्यक,

सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ,

उ) नगरपालिका मार्फत गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यत्तिफ्हरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्प सँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व गराई कुराको सुनिश्चित गरिने छ ।

नीती–उपदफा ७.२ नगरपालिकाको कार्यक्रम तथा वजेटलाई लैङ्गिक उत्तरदायी बनाउदै सामाजका पछि परेका बर्गको शिक्षातथा रोजगारी लाई प्रबर्द्धन गर्ने

रणनीति

क) योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने,

ख) लैगिक दृष्टिकोणवाट लक्षित समुदायको प्रत्यक्ष रोजगारी बृद्धि हुने किसिमका कार्यत्रफ्म कार्यान्वयन गर्ने ।

कार्यनीति

अ) खण्डिकृत तथ्याङ्कको व्यवस्था, समय अनुसार अद्यावधिक र योजना तर्जुमा साथै समीक्षा गर्न प्रयोग गरिने छ,

आ) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यत्तिफ्हरु, लैङ्गिक तथा यौनिङ्क अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ र आवश्यकतामा आधारित रहेर स्वरोजगार मुलक कार्यत्रफ्म तय गरिने छ ,

इ) योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईने छ,

ई) वजेट तथा कार्यक्रमलाई वार्षिक रुपमा लैससासको द्बृष्किोणवाट परिक्षण गरिने छ,

उ) नगरपालिकाका जानकारी सम्प्रषण गर्दा लक्षित समुदायहरुको मातृ भाषा समेतमा सम्प्रेषण गरिने छ,

ऊ) सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदाय को उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन सुचित गरिने छ,

ए) लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण  गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गर्ने छ,

ऐ) लक्षिवर्गका समुदायमा बालविवाह न्युनिकरण सम्बन्धि जनचेतना मूलक कार्यत्रफ्म गर्ने ,

नीति–उपदफा ७.३  लक्षितवर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

रणनिति

क) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण केन्द्रित स्रोत साधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,

ख) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघ सस्थाहरु संग समन्वय र सहकार्य गर्ने

कार्यनिति

अ) नगरपालिकावाट सन्चालित योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यत्तिफ्हरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यत्तिफ्हरुको सहभागिता र लाभमा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गरिने छ,

आ) नगरपालिकावाट आयोजनाको अनुगमन लैससासको दृष्टिकोणवाट अनुगमन तथा मुल्यांकन गरिने छ,

इ) नगरपालीकावाट सन्चालन हुने समीक्षाहरुमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणवाट प्रवाहित सेवा, सुविधा, कार्यत्रफ्मको प्रभावकारीताको पुनरावलोकन तथा समीक्षा गर्ने,

ई) नगरपालिकाबाट संचालित कार्यत्रफ्म वा प्रवाह हुने सेवा, सुविधा र कार्यत्रफ्मको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गरिने छ,

उ) सरोकारवाला र, अधिकारावादि संसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने,
उफ्) सो संस्थाहरुलाई लक्षितवर्ग सम्म कार्यत्रफ्म पुऱ्याउन समन्वय र सहकार्य गर्ने,
ए) सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याउने छ ।

नीति उपदफा ७.४ लैससासको अवधारणा हासिल गर्न नगरपालीकाको नीति, कानूनतथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,
रणनीति
क) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने,
ख) बार्षिक, आवधिक योजना, कार्यत्रफ्म तथा बजेटहरुको तर्जुमा गर्ने,
ग) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने,

कार्यनीति
अ) विधमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ,
आ) आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधिहरुको तर्जुमा गरिनेछ,
इ) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ,
ई) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रति पफ्लमा आधारित भई वार्षिक योजना आवधिक योजना, कार्यत्रफ्म तथा बजेटको तर्जुमा गरिने छ,
उ) नगरपालिकाले वार्षिक, आवधिक योजना तथा कार्यत्रफ्महरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायका लागि न्युनतम प्रतिशत तोकी आवश्यक व्यवस्था गरिने छ,

उफ्) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति, वडा तथा तहसम्म उप समितिहरुको संरचनाहरु विकास र विस्तार गरिने छ,

ए) उक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति र उप समितिहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्टसंग निर्कौल गरी परिचालन गरिने छ,

ऐ) उक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिती र उप समितिहरुलाई कार्यभार प्रभावकारीता पूर्वक बहन गर्न क्षमता विकास को व्यवस्था गरिने छ ।

८. नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको त्रफममा आउन सक्ने सम्भाव्य जोखीम तथाचुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क्र.सं. | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय बारेमा समान बुभफईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु | सहभागिताक मुलक छलपफ्लबाट समान बुभफई बनाउने प्रयत्न गरीने । त्यस्तै लैससासलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गर्ने |
| २ | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वयन हुनु । | सरोकारवाला बीचमा नियमित साभफ बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलपफ्ल गर्ने । |

| | | |
|---|---|---|
| ३ | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यत्रफ्महरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने । |
| ४ | आर्थिक स्रोतको अभाव हुनु । | स्थानियतहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यत्रफ्म तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षको बजेट गत वर्षको तुलनामा बजेट बढाउदै लैजाने (प्रगतीशिल बजेट) । |

९. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको नीति कार्यन्यवनमा ल्याउने प्रक्रिया

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यान्वयन समिति रहने छ ।

क) यस नगरपालिका स्तरमामा देहाय बमोजिमको लैंगिक तथा सासाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।

क) नगर उप–प्रमुख — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग) प्रमुख सामाजिक विकास शाखा — सदस्य

घ) संयोजक, सामाजिक विकास समिति — सदस्य

ङ) सामुदायीक संघ सस्था मध्येवाट — सदस्य

च) महिला, बालबालिक तथा जेष्ठनागरिक विषय हेर्ने शाखा प्रमुख — सदस्य सचिव

ख) नगरपालिका प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैंङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।

| | | |
|---|---|---|
| क) वडा अध्यक्ष | | संयोजक |
| ख) वडा सदस्यहरु (महिला र महिला दलित सहित) | | ३ जना सदस्य |
| ग) महिला, बालबालिक तथा जेष्ठ नागरिक विषय हेर्ने शाखा प्रमुख | | १ जना |
| घ) अतिथिः संघसस्थाबाट आवश्यकता अनुसार | | २ जना |
| ङ) वडा सचिब | | सदस्य सचिव |

समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) ऐन, कानुन, नीति, आवाधिक योजना, विषयगत योजना, पाश्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मुल प्रवाहीकरण गर्न प्राविधिक सहयोग गर्ने,

ख) योजना तथा वजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

ग) खण्डिकृत तथ्याकको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गरी समस्याको पहिचान गर्न सहयोग गर्ने,

ङ) योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदाय र व्यत्तिफ्हरुका विकासका कार्यक्रमहरु समावेश, पहुँच र पफइदा वितरणमा सुनिश्चितता ल्याउन नेतृत्वदायी भुमिका निभाउने,

च) लैङ्गिकतथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिकफ्म तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

छ) नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने ,

ज) नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतृत्वदायी भुमिका निभाउने,

झ) आवधिक, वार्षिक,योजना तर्जुमा कार्यान्वयन वजेट बाँडफांड खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक समावेशीकरणमैत्री भएन भएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमित रुपमा सम्बन्धित उपमहा नगरपालिकालाई सुझाव दिने,

ञ) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यत्रफ्म संचालन गर्ने र गराउने,

त) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रभाहीकरण र यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संसंस्थाहरु संग समन्वय र सहकार्य गर्ने र गराउने,

थ) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

द) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने

नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीक रुपमा बस्ने छ । वडा स्तरीय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकै वेला पनि बस्न सक्ने छ ।

११.लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिका अपेक्षित उपलब्धिहरु

क्) नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछ ।

ख) योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराई पछाडि परेका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना हुने छ ।

ग) कार्यक्रम तथा वजेट लैससास उत्तरदायी हुनेछ ।

ध) सेवा प्रदायक, सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैली हुनेछ ।

ङ) नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्बन्धमा गरिएका अन्र्तराष्ट्रिय प्रतिवद्धता,संघीय र प्रदेश सरकारका गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा हुने ।

१२. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुत्तफ्ता र उपादेयताको मुल्यांकन गरी नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ ।

**१३ खारेजी तथा बचाउ**

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुन संग वाभिफ्एमा वा भिफ्एको हद सम्म सम्बन्धीत कानुन बमोजिम नै हुने छ ।

अनुसूचि १.

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) शब्दावली तथा परिभाषा

१. लैससासः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।

२. लक्षित समूदायः यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छः समुदायमा पछाडी पारिएका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यत्तिफ्, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, सीमान्तकृत तथा पछाडी पारिएका वा बहिष्करणमा परेका समुदाय

धन्यवाद ।

आज्ञाले

ओमकार शाह

प्रमुख प्रशासकीय अधिकृत